डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)



# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

## निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना** : स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन तथा निर्यात प्रवर्द्धन गरी वैदेशिक व्यापारमा देखिएको असन्तुलनलाई कम गर्न नेपाल सरकारले निर्यात प्रोत्साहन गर्न निर्यातकर्तालाई प्रदान गर्ने अनुदानलाई व्यवस्थित, पारदर्शी, सरल एवं प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकार ले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधी, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले अनुसूची-१ वा अनुसूची-२ बमोजिमका बस्तुहरू निर्यात गर्ने निर्यातकर्तालाई सोही अनुसूचीमा उल्लेख गरिएको दरमा नेपाल सरकारले प्रदान गर्ने निर्यात प्रोत्साहन बापतको अनुदान रकम सम्झनु पर्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

(ख) "उद्योग" भन्नाले स्वदेशी कच्चापदार्थ वा आयातित कच्चापदार्थ उपयोग गरी कृषिजन्य, वनजन्य, औद्योगिक वा घरेलु तथा हस्तकला लगायतका वस्तु उत्पादन तथा निर्यात गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग सम्झनु पर्छ ।

(ग) "निर्यात" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी नेपालबाट विभिन्न मुलुकहरुमा गरिने मालसामानको निर्यात सम्झनु पर्छ र सो शब्दले भारतमा हुने निकासीको हकमा प्रतितपत्र (लेटर अफ क्रेडिट) मार्फत भारतीय रुपैयाँ आर्जन हुने गरी गरिने निर्यातलाई समेत जनाउँछ ।

(घ) "निर्यातकर्ता" भन्नाले प्रचलित कानून बमोजिम आयात-निर्यात अनुमतिपत्र (एक्जिम कोड) लिएका उत्पादक, निर्यात प्रवर्द्धन गृह वा सहकारी संस्था सम्झनु पर्छ ।

(ङ) "निर्यात प्रवर्द्धन गृह" भन्नाले निर्यात योग्य वस्तु उत्पादन गर्ने उत्पादक तथा उद्योगसँग त्यस्तो वस्तु खरिद गरी निर्यात गर्ने प्रचलित कानून बमोजिम स्थापना भएका संस्था सम्झनु पर्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)



(च) "बैङ्क" भन्नाले नेपाल सरकारले उपलब्ध गराएको निर्यात अनुदान भुक्तानी सम्बन्धी कार्य गर्ने नेपाल स्थित सम्बन्धित वाणिज्य बैङ्क सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ ।

(ज) "मूल्य अभिवृद्धि" भन्नाले निर्यात गरिने वस्तु उत्पादन प्रकृयामा उपयोग भएको स्वदेशी वस्तु वा सेवाको मात्रा सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले उद्योग विभाग सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ ।

३. <u>निर्यातमा प्रोत्साहन उपलब्ध गराउने:</u> (१) नेपाल सरकारले अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित वस्तुहरु निर्यात गरेका निर्यातकर्तालाई सोही अनुसूचीमा उल्लेख गरिए बमोजिमको रकम अनुदान स्वरूप उपलब्ध गराउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका शर्तहरु पूरा गरेका निर्यातकर्तालाई मात्र यस कार्यविधि बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ :-

(क) स्वदेशमै प्राप्त हुने वा उत्पादन हुने कृषि, वन तथा खानीजन्य वस्तुको हकमा कम्तीमा एकचरणको प्रशोधन प्रकृया पूरा गरेको,



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

(ख) अनुसूची-१ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा पचास प्रतिशत भएको र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा तीस प्रतिशत भएको,

(ग) निर्यातकर्ताले निर्यात गरेको वस्तुको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा बैङ्कमा दाखिला भएको प्रमाण पेश गरेको ।

तर भारतमा हुने निकासीको हकमा प्रतितपत्र (लेटर अफ क्रेडिट) मार्फत आर्जित भारतीय मुद्रा बैङ्क दाखिला गरेको प्रमाण पेश गरेको ।

(३) नेपाल सरकारले राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको र मूल्य अभिवृद्धि कम्तीमा चालीस प्रतिशत भएको अनुसूची-२ बमोजिमको वस्तुको निर्यातमा सो अनुसूचीमा उल्लेख भएको प्रतिशतमा एक प्रतिशत थप अनुदान रकम उपलब्ध गराउनेछ ।

४. <u>निर्यात भएको वस्तुको प्रमाणीकरण गर्नु पर्नेः</u> (१) विभागले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने वस्तुको सम्बन्धमा निर्यातकर्ताले दफा ३ को उपदफा (२) मा उल्लिखित शर्तहरू पूरा गरेको कुराको प्रमाणीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि विभागले आवश्यकता अनुसार सम्बन्धित वस्तु उत्पादन हुने कारखाना वा उत्पादन स्थलको निरीक्षण गर्न वा त्यस्तो वस्तुको उत्पादन प्रकृया बारे आवश्यक जाँचबुझ गर्न सक्नेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)



(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा विभागले त्यस्तो वस्तुको अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणीकरण गरी सोको जानकारी सम्बन्धित निर्यातकर्तालाई दिनु पर्नेछ।

५. <u>अनुदान माग गर्ने</u>: (१) नेपाल सरकारले उपलब्ध गराउने दफा ३ बमोजिमको अनुदान प्राप्त गर्न चाहने निर्यातकर्ताले अनुसूची-४ बमोजिमको ढाँचामा बैङ्क समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा जुन बैङ्क मार्फत वस्तु निकासी गर्ने प्रयोजनको लागि बैङ्किङ्ग कारोबार गरेको हो सोही बैङ्कमा देहायका विवरण र कागजात सहित निवेदन दिनु पर्नेछ :-

(क) निर्यातकर्ताको आयात-निर्यातकर्ता अनुमतिपत्र (एक्जिम कोड) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) निर्यातकर्ताद्वारा जारी गरिएको निर्यातित वस्तुको व्यापारिक बिल बिजक र भन्सार प्रज्ञापन-पत्र,

(ग) वस्तु निर्यात गरे बापत निर्यातकर्ताले प्राप्त गरेको विदेशी मुद्रा बैङ्क दाखिला भएको प्रमाण पुग्ने कागजात वा बैङ्क स्टेटमेण्ट,

(घ) निर्यातकर्ताले पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।

६. <u>अनुदान रकमको भुक्तानी</u>: (१) दफा ३ बमोजिम निर्यातकर्तालाई प्रदान गरिने अनुदान रकम भुक्तानीको प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कमा "निर्यातमा नगद अनुदान



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

शोधभर्ना" नामको एकल खाता रहनेछ र सो खातामा नेपाल सरकारको अर्थ मन्त्रालयले समय समयमा आवश्यक रकम अग्रिम रुपमा जम्मा गर्नेछ।

(२) दफा ५ बमोजिम कुनै निर्यातकर्ताबाट प्राप्त भएको निवेदन बैङ्कले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा निजले पाउने अनुदान रकम निवेदन प्राप्त भएको मितिले सात दिन भित्र निजको बैङ्क खातामा जम्मा गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बैङ्क खातामा रकम जम्मा गर्दा निर्यातकर्ताको खातामा विदेशी मुद्रा जम्मा भएको दिनको लागि नेपाल राष्ट्र बैङ्कले निर्धारण गरेको परिवर्त्य विदेशी मुद्राको खरिद दरको आधारमा नेपाली रुपैयाँमा रुपान्तरण गरी सोही बराबरको नेपाली रुपैयाँमा जम्मा गर्नु पर्नेछ।

(४) बैङ्कले उपदफा (३) बमोजिम निर्यातकर्तालाई प्रत्येक महिना उपलब्ध गराएको अनुदान रकमको विवरण सो महिना समाप्त भएको सात दिनभित्र मन्त्रालय, नेपाल सरकारको अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ ।

७. **अनुदान रकमको शोधभर्नाः** (१) दफा ६ को उपदफा (३) बमोजिम निर्यातकर्ताको बैङ्क खातामा रकम जम्मा गरिसकेपछि सम्बन्धित बैङ्कले सो बराबरको रकम शोधभर्नाको लागि अनुसूची-५ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैङ्क समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नेपाल राष्ट्र बैङ्कले आवश्यक जाँचबुझ गरी पन्ध्र दिनभित्र



डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)
नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

दफा ६ को उपदफा (१) बमोजिमको खाताबाट बैङ्कले शोधभर्ना माग दावी गरे बमोजिमको रकम सम्बन्धित बैङ्कलाई शोधभर्ना गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बैङ्कलाई शोधभर्ना गरेको रकमको विवरण नेपाल राष्ट्र बैङ्कले नेपाल सरकारको अर्थ मन्त्रालय र मन्त्रालयलाई मासिक रूपमा उपलब्ध गराउनु पर्नेछ।

८. **<u>समितिको गठन:</u>** (१) अनुदान प्रदान गर्ने सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन, समन्वय एवं सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -संयोजक
(ख) सहसचिव, नेपाल सरकारको अर्थ मन्त्रालय -सदस्य
(ग) सहसचिव, मन्त्रालय (बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा) -सदस्य
(ग) महानिर्देशक, भन्सार विभाग -सदस्य
(घ) महानिर्देशक, विभाग -सदस्य
(ङ) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क (सम्बन्धित क्षेत्र हेर्ने) -सदस्य
(छ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ -सदस्य
(ज) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ -सदस्य
(झ) उपसचिव, मन्त्रालय (व्यापार नीति तथा व्यापार सहायता शाखा) -सदस्य-सचिव

(२) समितिको बैठक सामान्यतया बर्षको दुई पटक संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)



(४) समितिको सचिवले समितिको बैठकको निर्णय संयोजकबाट प्रमाणित गराई राख्नु पर्नेछ।

९. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारको अर्थ मन्त्रालयको सहमतिमा अनुदान उपलब्ध गराउने वस्तु र अनुदान दिने रकमको प्रतिशत निर्धारण गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ख) अनुसूची-१ वा अनुसूची-२ बमोजिम अनुदान प्रदान गरिएका वस्तुको सूचीमा थपघट गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) यस कार्यविधिको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(घ) यो कार्यविधि कार्यान्वयन गर्न सम्बद्ध निकायहरू बीच समन्वय गर्ने ।

१०. **<u>खारेजी र बचाउः</u>** (१) निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० खारेज गरिएको छ ।

(२) निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० अनुसार भए गरिएका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(३) निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० बमोजिम अनुदान माग भई प्रक्रियामा रहेका निवेदनहरू सोही कार्यविधी अनुसार फरफारख गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशत

शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित देहायका औद्योगिक उत्पादनको कुल निर्यात मूल्यमा पाँच प्रतिशत नगद अनुदान प्रदान गरिनेछः-

| क्र.सं | निर्यात हुने वस्तुको नाम |
|---|---|
| १. | प्रशोधित चिया |
| २. | प्रशोधित कफी |
| ३. | हस्तकला र काष्ठकलाका वस्तु |
| ४. | प्रशोधित छाला (क्रष्ट) र छालाजन्य उत्पादनहरु |
| ५. | हाते कागज तथा सोबाट उत्पादित सामान |
| ६. | प्रशोधित जडीबुटी तथा सारयुक्त तेल |
| ७. | प्रशोधित पत्थर तथा पत्थर जडित गरगहना |
| ८. | अल्लोबाट उत्पादित सामानहरु |
| ९. | मिनरल वाटर |
| १०. | वेसार (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| ११. | तरकारी (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १२. | पुष्प (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १३. | प्रशोधित मह (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १४. | प्रशोधित अलैंची (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |
| १५. | प्रशोधित अदुवा (सूठो, स्लाइडिङ, तेल र पाउडर लगायत) (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा) |



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**निर्यातमा अनुदान रकम पाउने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशत**

देहाय बमोजिमका उत्पादनको कुल निर्यात मूल्यमा तीन प्रतिशत नगद अनुदान प्रदान गरिनेछः-

| क्र.सं. | निर्यात हुने वस्तुको नाम |
|---|---|
| १. | स्वदेशमा उत्पादित कपडा |
| २. | तयारी पोशाक |
| ३. | गलैंचा र ऊनीका सामान |
| ४. | "च्याङ्ग्रा" पश्मिना तथा सोबाट उत्पादित सामान |
| ५. | स्वदेशी प्रशोधित जुट तथा जुटका उत्पादनहरु |
| ६. | सुन, चाँदीका गरगहना |
| ७. | स्वदेशी अर्ध प्रशोधित छाला |
| ८. | औषधी |
| ९. | फेल्ट (उनीजन्य) का वस्तुहरु |
| १०. | पोलिष्टर यार्न/फाईबर भिष्कोर्ष यार्न/एक्रेलिक यार्न/कटन यार्न |
| ११. | तामाका सामान (हस्तकलाका सामान, पुजाआजाका सामान, सजावटका समान तथा अन्य भाँडाकुँडा) |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## उद्योग विभाग

श्री ............................बैङ्क,

.......................... ।

### विषयः निर्यात प्रमाणित गरिएको ।

निर्यातकर्ता श्री ........ले आर्थिक वर्ष .........मा देहाय बमोजिमको विवरण अनुसारको वस्तुको निकासी गरेको व्यहोरा प्रमाणित गरिन्छः-

(क) निर्यातित वस्तुको नाम :

(ख) हार्मोनिक कोड :

(ग) प्रशोधन गरिएको कच्चा वस्तु :

(घ) निर्यात भएको परिणाम र मूल्य :

(ङ) वस्तुको स्वदेशी मूल्य अभिवृद्धि (प्रतिशत) :

(च) उत्पादनकर्ता/निर्यातकर्ताले प्रत्यक्ष रोजगारी दिइएको सङ्ख्या :

(छ) निर्यातित वस्तुको स्वदेश र विदेशमा संयुक्त ट्रेडमार्क दर्ता भए/नभएको :

(ज) निर्यातकर्ताको गत ३(तीन) वर्षको निर्यात उपलब्धिको स्तर :

| क.सं | आ.व. | निर्यातको परिणाम (रु.लाखमा) |
|---|---|---|
| १. | आधार वर्ष .......... | |
| २. | | |
| ३. | | |

आधार वर्षको तुलनामा गत तीन आर्थिक वर्षको सरदर निर्यात वृद्धि
...............प्रतिशत

प्रमाणित गर्ने अधिकृतको दस्तखत :

नाम र थर :

दर्जा :

बोधार्थ :

श्री ........................................ निर्यातकर्ता ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

अनुसूची-४

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## अनुदान रकम प्राप्त गर्न दिने निवेदनको ढाँचा

श्री ....................बैङ्क,

............................।

### विषयः निर्यातमा नगद अनुदान बारे ।

महोदय,

निर्यातकर्ता ....................ले ............. मुलुकस्थित श्री ....... (खरिदकर्ताको नाम).......... लाई त्यस बैङ्क मार्फत ........(सामानको नाम)........ निकासी गरी खुद परिवर्त्य मुद्रा .......(मुद्राको नाम)..........आर्जन गरी मिति............मा यस बैङ्कको खाता नं. ...................मा जम्मा भई भुक्तानी प्राप्त गरेको र सो विदेशी मुद्राको नेपाल राष्ट्र बैङ्कद्वारा निर्धारित प्रचलित विनिमय दर अनुसार कायम भएको कुल नेपाली रुपैंयाँ ...................को ............. प्रतिशतले हुने नगद अनुदान रु. ...............यस उद्योगको नाममा रहेको त्यस बैङ्कस्थित खाता नं. .......... मा जम्मा गरिदिनु हुन तपसिल बमोजिमको विवरण तथा कागजात सहित अनुरोध गरेको छु / गरेका छौं ।

यसमा उल्लेख भएका विवरण फरक परेमा वा झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम सहने बुझाउने छु/छौं ।

तपसिलः

१. उद्योग दर्ता, आयात-निर्यात अनुमतिपत्र र स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

२. निर्यात गरेको वस्तुको व्यापारिक बिल बिजक र भन्सार प्रज्ञापनपत्र,

३. विभागबाट प्राप्त अनुसूची-३ बमोजिमको निर्यात प्रमाण पत्र,

४. विदेशी मुद्रा बैङ्क दाखिला भएको प्रमाण पुग्ने कागजात, बैङ्क स्टेटमेण्ट,

५. पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण पत्र ।

भवदीय,
निर्यातकर्ता वा निजको प्रतिनिधिको
दस्तखत :
निर्यातकर्ता वा निजको प्रतिनिधिको नाम :
निर्यातकर्ताको नाम :
सम्पर्क ठेगाना :
सम्पर्क टेलिफोन नं. :
निर्यातकर्ता कम्पनी वा संस्थाको छाप :

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

अनुसूची-५

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

श्री नेपाल राष्ट्र बैङ्क,
विदेशी विनिमय व्यवस्थापन विभाग,
बालुवाटार, काठमाडौं ।

विषयः <u>अनुदान रकम शोधभर्ना बारे</u> ।

महाशय,

त्यस विभागको इजाजत प्राप्त परिपत्र सङ्ख्या .........मा भएको प्रक्रिया तथा कार्यविधि अनुरुप तपसिल बमोजिम निर्यात भएको व्यहोरा प्रमाणित गर्दै सो निर्यात बापत उपलब्ध गराइएको अनुदान बापत मिति............मा भुक्तानी दिएको जम्मा रु.......................(अक्षरेपी .......................) को शोधभर्ना त्यस बैङ्कमा रहेको यस बैङ्कको खाता नं. .....................मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं। साथै यस शोधभर्ना माग गरिएका कागजातहरुबाट यस अघि कुनै शोधभर्ना माग नगरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

| क.स. | निर्यातकर्ता | निर्यात भएको | | | निर्यात | | | भुक्तानी प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देश | वस्तु | परिमाण | माध्यम | नम्बर | मूल्य | मिति | रकम वि.मु. | रकम रु. | मूल्य/एल. सी. (विदेशी मुद्रामा) | विनिमय दर |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

संलग्नः निर्यात बापत परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणित बैङ्क स्टेटमेण्ट ।

निवेदक बैङ्कको नाम :
ठेगाना :
दस्तखत :
प्रबन्धको नाम :
मिति :

आज्ञाले,
चन्द्रकुमार घिमिरे
नेपाल सरकारको सचिव



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

### निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६

<u>प्रस्तावना</u> : निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधन</u> : निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) "निर्यात" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी नेपालबाट विभिन्न मुलुकहरूमा गरिने मालसामानको निर्यात सम्झनु पर्छ र सो



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

शब्दले भारतमा हुने निकासीको हकमा बैङ्किङ्ग प्रणाली मार्फत भारतीय रुपैयाँ आर्जन हुने गरी गरिने निर्यातलाई समेत जनाउँछ ।"

३. मूल कार्यविधिको दफा ३ मा संशोधन : मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. निर्यातमा प्रोत्साहन उपलब्ध गराउने : (१) निर्यातकर्ताले अनुसूची-१ मा उल्लिखित वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यमा पाँच प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यमा तीन प्रतिशतले हुने रकम नेपाल सरकारले अनुदान स्वरूप उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान प्राप्त गर्न निर्यातकर्ताले निर्यात गरेको वस्तुको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा बैङ्कमा दाखिला भएको प्रमाण वा भारतमा हुने निकासीको हकमा बैङ्किङ्ग प्रणालीको माध्यमबाट हुने आर्जित भारतीय मुद्रा बैङ्क दाखिला गरेको प्रमाण र भन्सार कार्यालयले मालवस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन पत्र समेत पेश गर्नु पर्नेछ ।

(३) निर्यातकर्ताले राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको र मूल्य अभिवृद्धि कम्तीमा चालीस प्रतिशत भएको अनुसूची-२ बमोजिमको



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

वस्तुको निर्यात गरेमा नेपाल सरकारले थप एक प्रतिशत अनुदान रकम उपलब्ध गराउनेछ ।

(४) अनुसूची-१ मा उल्लिखित वस्तुहरूको उत्पादनमा दफा ४ को उपदफा (१) बमोजिमको सूत्रका आधारमा मूल्य अभिवृद्धि कम्तीमा पचास प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा तीस प्रतिशत भएको हुनु पर्नेछ ।

(५) अनुसूची-१ र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको उत्पादनमा मूल्य अभिवृद्धिको प्रमाणीकरण प्रत्येक आर्थिक वर्षको साउन महिना र माघ महिनामा पहिलो पटक निकासी गर्दा उद्योग विभागबाट गराउनु पर्नेछ ।

तर आर्थिक वर्ष २०७५/७६ को लागि सम्बन्धित निर्यातकर्ताले गरेको स्व-घोषणालाई नै मानिनेछ ।

(६) उपदफा (४) बमोजिम मूल्य अभिवृद्धि गणना गर्दा अनुसूची-१ मा उल्लिखित वस्तुहरूको मूल्य अभिवृद्धि पचास प्रतिशतभन्दा कम भएमा कम भएको मूल्य अभिवृद्धि अनुरूप अनुसूची-२ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलब्ध गराइनेछ र अनुसूची-२ मा उल्लिखित वस्तुहरूको मूल्य अभिवृद्धि पचास प्रतिशत वा सो



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

भन्दा बढी भएमा अनुसूची-१ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलब्ध गराइनेछ ।

(७) निर्यातकर्ताले निर्यात गरे वापत पाउने अनुदान जुन आर्थिक वर्षमा निर्यात गरेको हो सोही आर्थिक वर्षको वासलातमा हिसाब देखाउनु पर्नेछ ।"

४. <u>मूल कार्यविधिको दफा ४ मा संशोधन</u> : मूल कार्यविधिको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. <u>निर्यात भएको वस्तुको प्रमाणीकरण गर्नु पर्ने</u> : (१) यस कार्यविधि बमोजिम मूल्य अभिवृद्धि गणना गर्दा देहायको सूत्रका आधारमा गरिनेछ :-

$$\text{Value Addition} = \frac{(\text{Export FOB Price} - \text{Value of Foreign Originated Material}) \times 100}{\text{Export FOB Price}}$$

(२) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने वस्तुको सम्बन्धमा निर्यातकर्ताले उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि गणना तथा दफा ३ बमोजिमको शर्त पूरा गरी अनुसूची-३ बमोजिम स्व-घोषणा सहित मालवस्तु निर्यात गरेको महिना समाप्त भएको साठी दिनभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको विवरणका आधारमा विभागले अनुसूची-३ बमोजिम त्यस्तो वस्तु निकासी भएको प्रमाणीकरण गरी सो



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

को जानकारी तीन दिनभित्र सम्बन्धित निर्यातकर्तालाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको विवरण लगायतका विषयहरूको सम्बन्धमा विभागले आवश्यकता अनुसार जोखिम समेतका आधारमा कम्तीमा पाँच प्रतिशत उद्योगको सम्बन्धित वस्तु उत्पादन हुने कारखाना वा उत्पादन स्थलको निरीक्षण गर्न वा त्यस्तो वस्तुको उत्पादन प्रकृया बारे आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा निर्यातकर्ताले उपदफा (२) बमोजिम पेश गरेको विवरण झुट्टा ठहरेमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा सो आर्थिक वर्षमा यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान रकम र सो अनुदान रकम बराबरको थप जरिवाना असुल गरिनेछ ।"

५. मूल कार्यविधिको दफा ५ मा संशोधन : मूल कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (ङ) र (च) थपिएका छन् :-

"(ङ) अनुसूची-३ बमोजिम विभागबाट प्रमाणित भएको विवरण,

(च) भारतमा निकासी हुने वस्तुको हकमा भन्सार कार्यालयले मालवस्तु



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापन पत्रको प्रति ।"

६. <u>मूल कार्यविधिको दफा ६ मा संशोधन</u> : मूल कार्यविधिको दफा ६ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) बैङ्कले उपदफा (३) बमोजिम निर्यातकर्तालाई प्रत्येक महिना उपलब्ध गराएको अनुदान रकमको विवरण सो महिना समाप्त भएको सात दिनभित्र नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराउनु पर्नेछ ।"

७. <u>मूल कार्यविधिको अनुसूचीमा संशोधन</u> : मूल कार्यविधिको,-

(१) अनुसूची-१ को,-

(क) शीर्षकका रहेका "निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशत" भन्ने शब्दहरूको सट्टा "निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरुको सूची" भन्ने शब्दहरू राखी सोही अनुसूची रहेका "शत प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित देहायका औद्योगिक उत्पादनको कूल निर्यात मूल्यमा पाँच प्रतिशत नगद अनुदान प्रदान गरिनेछ" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) क्रम सङ्ख्या ९ र १० को सट्टा देहायका क्रम सङ्ख्या ९ र १० राखिएका छन् :-



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

"९. प्रशोधित पिउने पानी / मिनरल वाटर

१०. प्रशोधित वेसार"

(घ) क्रम सङ्ख्या ११, १२, १३, १४ र १५ मा रहेका "(परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) मूल कार्यविधिको अनुसूची-२ को,-

(क) शीर्षकमा रहेका "निर्यातमा अनुदान रकम प्रदान गरिने वस्तुहरुको सूची र अनुदान रकमको प्रतिशत" भन्ने शब्दहरूको सट्टा "निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरुको सूची" भन्ने शब्दहरू राखी सोही अनुसूचीमा रहेका "देहाय बमोजिमका उत्पादनको कूल निर्यात मूल्यमा तीन प्रतिशत नगद अनुदान प्रदान गरिनेछ" भन्ने शब्दहरू झिकिएका छन् ।

(ख) क्रम सङ्ख्या ११ पछि देहायको क्रम सङ्ख्या १२ थपिएको छ :-

"१२. जुत्ता चप्पल (फुटवेयर) ।"

(३) अनुसूची-३ र अनुसूची-५ को सट्टा यसैसाथ संलग्न अनुसूची-३ र अनुसूची-५ राखिएका छन् ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

"अनुसूची- ३

(दफा ४ को उपदफा (२) र (३) सँग सम्बन्धित)

.......... उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृह

खण्ड-क

श्री उद्योग विभाग ......................... ।

विषय : स्व-घोषणाको विवरण।

यस .......... उद्योग/निर्यातकर्ता/निर्यात प्रवर्द्धन गृहबाट आर्थिक वर्ष .............को .........अवधिमा देहाय बमोजिमको विवरण अनुसारको वस्तुको निकासी गरेको व्यहोरा प्रमाणित गरिन्छ :-

(क) निर्यातित वस्तुको नाम :

(ख) हार्मोनिक कोड :

(ग) प्रशोधन गरिएको कच्चा वस्तु :

(घ) निर्यात भएको परिणाम र मूल्य :

(ङ) शत प्रतिशत स्वदेशी कच्चा पदार्थ उपयोग भए/नभएको :

(च) वस्तुको मूल्य अभिवृद्धि प्रतिशत :

(छ) उत्पादनकर्ता / निर्यातकर्ताले प्रत्यक्ष रोजगारी दिएको सङ्ख्या :

(झ) निर्यातित वस्तुको स्वदेश र विदेशमा संयुक्त ट्रेडमार्क दर्ता भए / नभएको :

(ञ) निर्यातकर्ताको गत तीन वर्षको निर्यात उपलब्धिको स्तर :



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| क्र.सं | आ.व. (क) | निर्यातको परिमाण (रु. लाखमा) (ख) |
|---|---|---|
| १ | आधार वर्ष .................. | |
| २ | | |
| ३ | | |

आधार वर्षको तुलनामा गत तीन आर्थिक वर्षको सरदर निर्यात वृद्धि .............. प्रतिशत

निर्यातकर्ताको,-

अधिकृत व्यक्तिको दस्तखत :

नाम र थर :

दर्जा :

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

खण्ड-ख

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग विभाग

श्री ....................................... बैङ्क

उपर्युक्त अनुसारको घोषणाबाट मूल्य अभिवृद्धि समेतको शर्त पूरा गरेको देखिएको व्यहोरा प्रमाणित गरिन्छ ।

प्रमाणित गर्ने अधिकृतको,-

दस्तखत :

नाम र थर :

पद :

बोधार्थ :

श्री ....................................... निर्यातकर्ता ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

अनुसूची-५

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

श्री नेपाल राष्ट्र बैङ्क,
विदेशी विनिमय व्यवस्थापन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय : अनुदान रकम शोधभर्ना बारे ।

महाशय,

त्यस विभागको इजाजत प्राप्त परिपत्र सङ्ख्या ......... मा भएको प्रक्रिया तथा कार्यविधि अनुरूप देहाय बमोजिम निर्यात भएको व्यहोरा प्रमाणित गर्दै सो निर्यात बापत उपलब्ध गराइएको अनुदान बापत मिति ........ मा भुक्तानी दिएको जम्मा रु ............. (अक्षरेपी .................) को शोधभर्ना त्यस बैङ्कमा रहेको यस बैङ्कको खाता नं. .............. मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं । साथै शोधभर्ना माग गरिएका कागजातहरूबाट यस अघि कुनै शोधभर्ना माग नगरिएको व्यहोरा समेत अनुरोध गर्दछौं ।

| क्र सं | निर्यातकर्ता | | निर्यात भएको | | | निर्यात | | | भुक्तानी प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्केत नं. (एक्जिम कोड नं.) | नाम | परिमाण | वस्तु | देश | माध्यम | नम्बर | मूल्य (विदेशी मुद्रामा) | मिति | रकम वि. मु. | नेपाली रुपैंया | मूल्य (एफ. ओ. बि.) (विदेशी मुद्रामा) | विनिमय दर |
| | | | | | | | | | | | | | |

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सोधभर्ना हुनु पर्ने जम्मा रकम रु. ................ अक्षरेपी ..........................................

संलग्न : निर्यात बापत परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणित बैङ्क स्टेटमेण्ट

निवेदक बैङ्कको नाम :

ठेगाना :

दस्तखत :

प्रबन्धकको नाम :

मिति :"

आज्ञाले,

केदार बहादुर अधिकारी

नेपाल सरकारको सचिव

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।–
गो.ह.द.नं. १६।२०६२।६३

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

## निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९

**प्रस्तावना:** निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधन:** निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "अनुदान" भन्नाले अनुसूची-१ र अनुसूची-२ बमोजिमका वस्तुहरु निर्यात गर्ने निर्यातकर्तालाई दफा ३ बमोजिम नेपाल सरकारले प्रदान गर्ने निर्यात बापतको अनुदान रकम सम्झनु पर्छ ।"

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल कार्यविधिको दफा ३ मा संशोधन**: मूल कार्यविधिको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

डा रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

"३. **निर्यातमा नगद अनुदानः** (१) नेपाल सरकारले दफा ४ बमोजिमको गणना विधिको आधारमा अनुसूची-१ मा उल्लिखित वस्तुहरुको उत्पादनमा कम्तीमा पचास प्रतिशत र अनुसूची-२ मा उल्लिखित वस्तुहरुको उत्पादनमा मूल्य अभिवृद्धि कम्तीमा तीस प्रतिशत भएका वस्तु निर्यातकर्तालाई देहाय बमोजिम नगद अनुदान उपलब्ध गराउनेछः-

(क) अनुसूची-१ बमोजिमका वस्तुको निर्यात गरेमा कूल निर्यात मूल्यको पाँच प्रतिशतले हुन आउने रकम,

(ख) अनुसूची-२ बमोजिमका वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यको चार प्रतिशतले हुन आउने रकम,

(ग) दफा ४ को उपदफा (१) बमोजिमको सूत्रको आधारमा अनुसूची-१ बमोजिमका वस्तुको उत्पादनमा कम्तीमा असी प्रतिशत र अनुसूची-२ बमोजिमका वस्तुको उत्पादनमा कम्तीमा सत्तरी प्रतिशत मूल्य अभिवृद्धि गरी वस्तु निर्यात गरेमा कूल निर्यात मूल्यको एक प्रतिशतले हुन आउने थप रकम,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

(घ) राष्ट्रियस्तरको सामूहिक ट्रेडमार्क मार्फत अनुसूची-१ र अनुसूची-२ बमोजिमका वस्तुको निर्यात गरेमा कूल निर्यात मूल्यको एक प्रतिशतले हुन आउने थप रकम,

(ङ) अनुसूची-१ र अनुसूची-२ बमोजिमका वस्तु अघिल्लो आर्थिक वर्ष निर्यात गरेको परिमाणभन्दा बीस प्रतिशतभन्दा बढी निर्यात गरेमा त्यसरी बढी निर्यात गरेको मूल्यको एक प्रतिशतले हुन आउने थप रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लिखित वस्तुहरुको मूल्य अभिवृद्धि पचास प्रतिशतभन्दा कम भएमा कम भएको मूल्य अभिवृद्धि अनुरुप अनुसूची-२ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलब्ध गराइनेछ र अनुसूची-२ मा उल्लिखित वस्तुहरुको मूल्य अभिवृद्धि पचास प्रतिशत वा सो भन्दा बढी भएमा अनुसूची-१ बमोजिमको वस्तु निर्यात गरे सरह अनुदान रकम उपलब्ध गराइनेछ।

(३) अनुसूची-२ बमोजिमका वस्तु निर्यात गर्दा कम्तीमा एक तह प्रशोधन गरी उपदफा (१) अनुसारको मूल्य अभिवृद्धि सुनिश्चित भएको अवस्थामा मात्र यो सुविधा प्रदान गरिनेछ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगले एक आर्थिक वर्षमा आफ्नो उत्पादित वस्तु पचास करोड रुपैयाँ भन्दा बढी निकासी गरेमा बढी निकासी भएको मूल्यको आधारमा बढीमा आठ प्रतिशतसम्म नगद अनुदान उपलब्ध गराइनेछ।

(५) निर्यातकर्ताले निर्यात गरे बापत पाउने अनुदान जुन आर्थिक वर्षमा प्राप्त गरेको हो सोही आर्थिक वर्षको वासलातमा हिसाब देखाई आम्दानी बाँध्नु पर्नेछ।

(६) निर्यातकर्ताले यसरी पाउने अनुदानलाई अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, प्रविधि तथा क्षमताको विकास तथा विद्युतीय व्यापारको क्षेत्रमा खर्च गर्नु पर्नेछ ।"

४. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को;-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) यस कार्यविधि बमोजिम मूल्य अभिवृद्धि प्रमाणीकरण गराउन चाहने निर्यातकर्ताले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र स्वःघोषणा सहित अनुसूची-३ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ। त्यस्तो निवेदन विद्युतीय माध्यमबाट पनि दिन सकिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) उपदफा (३) मा रहेको "दिनु पर्नेछ" भन्ने शव्द पछि "त्यस्तो जानकारी विद्युतीय माध्यमबाट दिन सकिनेछ" भन्ने शव्दहरु थपिएका छन् ।

(३) उपदफा (४) मा रहेको "पाँच" भन्ने शव्दको सट्टा "दश" भन्ने शव्द राखिएको छ ।

(४) उपदफा (४) पछि देहायका उपदफा (४क) र (४ख) थपिएका छन् :-

"(४क) उपदफा (४) बमोजिम विभागले गरेको अनुगमनको प्रतिवेदनउपर विभागीय रायसहित मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।"

"(४ख) उपदफा (४) बमोजिम गरेको मूल्य अभिवृद्धि प्रमाणीकरणको अद्यावधिक अभिलेख विभागले राख्नु पर्नेछ।"

(५) उपदफा (५) झिकिएको छ ।

५. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधन</u>:** मूल कार्यविधिको दफा ५ को उपदफा (१) मा रहेको "ढाँचामा" भन्ने शव्द पछि "आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र" भन्ने शव्दहरु थपिएका छन्।

६. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधन</u>:** मूल कार्यविधिको दफा ८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

(१)अनुदान प्रदान गर्ने सम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा समन्वय गर्न मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहने छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सचिव, मन्त्रालय
(वाणिज्य तथा आपूर्ति) - संयोजक
(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य
(ग) सहसचिव, मन्त्रालय (बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा) - सदस्य
(घ) महानिर्देशक, भन्सार विभाग - सदस्य
(ङ) महानिर्देशक, उद्योग विभाग - सदस्य
(च) कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैङ्क (सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य
(छ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य
(ज) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ - सदस्य
(झ) उपसचिव, मन्त्रालय (व्यापार नीति तथा व्यापार सहायता शाखा) - सदस्य-सचिव"

७. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधिको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) कार्यविधिको कार्यान्वयन गर्न सम्बद्ध निकायहरु बीच समन्वय गर्ने ।"

८. **मूल कार्यविधिमा दफा ९क र ९ख थपः** मूल कार्यविधिको दफा ९ पछि देहायका दफा ९क. र ९ख. थपिएका छन् :-



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रामप्रसाद घिमिरे सचिव (वाणिज्य तथा आपूर्ति)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"९क. **असुल उपर गरिने:** (१) कसैले झुट्टा विवरण वा कागजात पेश गरी अनुदान माग गरेको वा प्राप्त गरेको सम्बन्धमा विभागले कुनै पनि माध्यमबाट सूचना वा उजुरी प्राप्त गरेमा त्यस्तो सूचना वा उजुरी उपर अधिकृतस्तरको कर्मचारी खटाई आवश्यक छानबिन गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा झुट्टा विवरण पेश गरी अनुदान माग गरेको वा प्राप्त गरेको देखिएमा विभागले त्यस्तो अनुदान बापत प्रदान गरिएको रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न र सो सम्बन्धमा त्यस्तो व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्न आवश्यक प्रमाण कागजात सहित सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(३) झुट्टा विवरण पेश गरी अनुदान माग गर्ने वा प्राप्त गर्ने उद्योगलाई विभागले पाँच वर्षसम्म निर्यातमा अनुदानको लागि अयोग्य हुने गरी कालो सूचीमा सूचीकृत गर्नुका साथै त्यस्ता उद्योगको नामनामेसी सार्वजनिक गर्नेछ ।

(४) विभागले उपदफा (३) बमोजिम अयोग्य हुने गरी सूचीकृत गरेको जानकारी अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कलाई समेत दिनु पर्नेछ।

(५) निर्यातमा नगद अनुदानको आम्दानी तथा खर्चको अनुगमन उद्योग विभाग र आन्तरिक राजस्व विभागले गर्नु पर्नेछ ।



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

९ख. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।"

९. **मूल कार्यविधिको अनुसूचीमा संशोधनः** मूल कार्यविधिको,-

(१) अनुसूची -१ को,-

(क) क्रम सङ्ख्या ३, ६, १०, ११, १२, १४, र १५ को सट्टा देहायका क्रम सङ्ख्या ३, ६, १०, ११, १२, १४, र १५ राखिएका छन्:-

"३. हस्तकला (तामा, फलाम, ढलोट र सिसा कच्चा पदार्थको रुपमा प्रयोग हुने समेत) र काष्ठकलाका वस्तु

६. प्रशोधित तथा अर्ध प्रशोधित जडीबुटी (यार्सागुम्बा समेत) तथा सारयुक्त तेल

१०. प्रशोधित तथा अर्ध प्रशोधित बेसार

११. ताज़ा तरकारी (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)

१२. पुष्प (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)

१४. प्रशोधित तथा अर्ध प्रशोधित अलैची

१५. प्रशोधित तथा अर्ध प्रशोधित अदुवा (सुठो, स्लाइडिङ, तेल र पाउडर लगायत)"

(ख) क्रम सङ्ख्या १५ पछि देहायको क्रम सङ्ख्या १६, १७ र १८ थपिएका छन्:-



नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय काठमाडौं
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

डा. रामप्रसाद घिमिरे
सचिव (वाणिज्य तथा आपूर्ति)

"१६. दुग्धजन्य पदार्थ (दुध, चिज, पनिर, छुर्पी र फ्याट) (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)

१७. फलफूल (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)

१८. अम्रिसो (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)"

(२) अनुसूची-२ को,-

(क) क्रम सङ्ख्या ४ को सट्टा देहायको क्रम सङ्ख्या ४ राखिएको छः-

"४. पस्मिना / क्यासमेयर / "च्याङ्ग्रा" पस्मिना तथा सोबाट उत्पादित सामान"

(ख) क्रम सङ्ख्या १२ पछि देहायको क्रम सङ्ख्या १३, १४, १५, १६, १७ र १८ थपिएका छन्:-

"१३. क्लिङकर
१४. सिमेन्ट
१५. स्टील
१६. कत्था
१७. रोजिन तथा तार्पेन
१८. प्लाइउड"

**आज्ञाले,**
**तोयम राया**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।